# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

आठौं अधिवेशन

**बैठक संख्या : २,३,४**

सूचनापत्र -२

(बैठकको कारबाही संक्षिप्त विवरण)

२०८३ जेठ १२ गते, मंगलबार

बागमती प्रदेश सभाको आजको बैठक माननीय उपसभामुख श्री अपसरा चापागाईंको अध्यक्षतामा दिनको १२:५ बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सभामुखले आजको बैठकमा शून्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रभात तामाङले आर्थिक वर्ष २०८३/८४ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव गर्नभयो।

त्यसपछि आर्थिक वर्ष २०८३/८४ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" को छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो।

१.माननीय उत्तम जोशी

२.माननीय मातृका प्रसाद भट्टराई

३.माननीय हरि प्रसाद सापकोटा

४.माननीय डम्बर तामाङ

५.माननीय उर्मिला कुमारी लामा

६.माननीय श्रृजना सायजु

७.माननीय युवराज चौलागाई

८.माननीय नुरज बज्राचार्य

९.माननीय रामप्रसाद ढुङ्गाना

१०.बालकुमारी विश्वकर्मा

११.माननीय धनेश्वरी प्रजापती

१२.माननीय मदु कुमार श्रेष्ठ

१३.माननीय गिता काफ्ले

१४.माननीय इन्द्र प्रसाद गोतामे

१५.माननीय कुमारी तामाङ

१६.माननीय तारानारायण श्रेष्ठ

१७.माननीय भारती कुमारी पाठक

१८.माननीय शान्ता ढकाल

१९.माननीय आशा लामा

२०.माननीय प्रेम बहादुर पुलामी

२१.माननीय गिर बहादुर तामाङ

२२. माननीय सरल सहयात्री पौडेल

२३.माननीय सुरेन्द्रराज गोसाई

२४.माननीय  उद्धव थापा

२५.माननीय रत्न प्रसाद ढकाल

२६.माननीय रामकृष्ण चित्रकार

तत्पश्चात् माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रभात तामाङ्गले आर्थिक वर्ष २०८३/०८४ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" छलफलमा उठेका प्रश्नहरूको जबाफ दिनुभयो।

तदुपरान्त माननीय सभामुखले आर्थिक वर्ष २०८३/०८४ को "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा भएको छलफलमा उठेका बुँदाहरु समेटी सचिवालयले तयार गर्ने प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाइने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि सभाको अर्को बैठक आजै दिनको ५:०० बजे बस्ने गरी दिनको ३:३० बजे स्थगित भयो।

प्रदेश सभाको आजको दोस्रो बैठक माननीय उपसभामुख अपसरा चापागाईको अध्यक्षतामा दिनको ४:५० बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय मुख्यमन्त्री श्री इन्द्रबहादुर बानियाँले माननीय प्रदेश प्रमुखबाट प्रस्तुत हुने प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमको प्रति माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नुभयो। तत्पश्चात् माननीय प्रदेश प्रमुख महोदयले प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सभालाई सम्बोधन गर्नुभयो। त्यसपछी माननीय सभामुखले प्रदेश सभाको यो बैठक स्थगित भए पश्चात आ-आफ्नो स्थानमा उभिएर माननीय प्रदेश प्रमुख महोदयलाई बिदाई गर्नुहुन माननीय सदस्यहरुलाई अनुरोध गर्नुभयो।

तदनन्तर प्रदेश सभाको अर्को बैठक आजै १५ मिनेट पछि बस्ने गरी यो बैठक दिनको ५:४० बजे स्थगित भयो।

प्रदेश सभाको आजको तेस्रो बैठक माननीय उपसभामुख अपसरा चापागाईको अध्यक्षतामा दिनको ६:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सभामुखले आजको बैठकमा शून्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो।

तत्पश्चात् माननीय प्रदेश प्रमुख महोदयबाट सम्बोधन भएको प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमको प्रति माननीय मुख्यमन्त्री श्री इन्द्रबहादुर बानियाँले टेबुल गर्नुभयो।

त्यसपछि माननीय प्रदेश प्रमुखले गर्नु भएको सम्बोधनका लागि माननीय पुकार महर्जनले निम्नलिखित धन्यवादको प्रस्ताव पेस गर्नुभयो:

**"माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाबाट नेपालको संविधानको धारा १८४ बमोजिम बागमती प्रदेश सभाको बैठकलाई संवत २०८३ साल जेठ १२ गते शुक्रवारका दिन बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्नु भएकोमा सभाको यो बैठक माननीय प्रदेश प्रमुखमा धन्यवाद ज्ञापन गर्दछ।"**

उक्त प्रस्तावलाई माननीय एकालाल श्रेष्ठले समर्थन गर्नुभएपछि निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो। त्यसपछि माननीय सभामुखले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल मिति २०८३ साल जेठ १८ गते बस्ने बैठकबाट प्रारम्भ हुने व्यहोरा जानकारी गराउनुभयो।

तत् पश्चात माननीय सभामुखले बागमती प्रदेश सभाको सार्वनजिक लेखा समितिमा माननीय भुवन कुमार पाठक तथा विशेषाधिकार समितिमा माननीय उर्मिला सुनुवार, माननीय कृष्ण प्रसाद सिलवाल र माननीय शकुन्तला श्रेष्ठलाई गर्नुभएको मनोनयनलाई सभाबाट सहमती प्राप्त भयो।

तदनन्तर सभाको अर्को बैठक मिति २०८३ साल जेठ १८ गते सोमबार दिनको १:०० बजे बस्ने गरी यो बैठक बेलुका ६:२५ बजे स्थगित भयो।